# बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६

समितिबाट स्वीकृत मितिः २०७६/०१/१५

पहिलो संशोधन मितिः२०७८/१०/११

दोस्रो संशोधन मितिः २०७९/०२/०५

तेस्रो संशोधन मितिः २०७९/१०/१८

बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको बीमा समिति सम्झनु पर्दछ।

(ग) "बीमक" भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाण पत्र प्राप्त सँस्था सम्झनु पर्दछ ।

(घ) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय वा निर्जीवन बीमा व्यवसाय सम्झनु पर्दछ र सो शब्दले पुनर्बीमा व्यवसायलाई समेत जनाउछ ।

(ङ) "प्रस्तावित योजना" भन्नाले समान प्रकृतिको बीमा व्यवसाय गर्ने बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्वन्धमा बीमकको साधारण सभाबाट पारित बिशेष प्रस्ताव सहितको योजना सम्झनु पर्दछ र सो शब्दले दुई वा दुई भन्दा बढी समान प्रकृतिको बीमा व्यवसाय गर्ने बीमक एकआपसमा गाभिई अर्को बीमकको स्थापना गर्ने योजनालाई समेत जनाउछ ।

(च) "गाभ्ने संस्था" भन्नाले प्रस्तावित योजना अन्तर्गत गाभिने संस्थाको बीमा व्यवसायलाई स्वीकार गर्ने बीमक सम्झनु पर्दछ ।

(छ) "गाभिने संस्था" भन्नाले प्रस्तावित योजना अन्तर्गत अर्को बीमकमा गाभिने बीमक सम्झनु पर्दछ ।

(ज) "प्राप्ति गर्ने संस्था" भन्नाले समान प्रकृतिको बीमा व्यवसाय गर्ने बीमकले अर्को लक्षित बीमकको सम्पूर्ण कारोवार स्वीकार गर्ने मूल बीमकलाई सम्झनु पर्दछ ।

(झ) "प्राप्ति गर्ने" भन्नाले एउटा बीमकले समान प्रकृतिको अर्को बीमकको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाब गरी बीमकको कानूनी हैसियत समाप्त हुने गरी आफूमा समाहित गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले लक्षित बीमकले प्राप्ति गर्ने

समान प्रकृतिको बीमकमा विलय हुनु पूर्व गरेको सम्पूर्ण करारीय दायित्व समेत स्वीकार गर्ने कार्य समेतलाई जनाउँदछ ।

(ट) "बीमाङ्की" भन्नाले बीमा व्यवसायमा भएको दायित्वको निर्धारण तथा गणना गर्नको लागि बीमकद्वारा नियुक्त गरिएको तोकिए बमोजिमको योग्यता भएको व्यक्ति सम्झनु पर्दछ ।

(ठ) "मूल्याङ्कनकर्ता" भन्नाले प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न प्रमाणपत्र प्राप्त लेखापरीक्षक सम्झनु पर्दछ ।

(ड) "लक्षित बीमक" भन्नाले यस निर्देशिका बमोजिम प्राप्ति गर्ने बीमकमा सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत समाहित हुन जाने इजाजतपत्र प्राप्त बीमक सम्झनु पर्दछ ।

(ठ) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बीमकको चुक्ता पूँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बीमकको व्यवस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्दछ ।

(ड) "शेयर" भन्नाले बीमकको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्दछ ।

(ढ) "शेयरधनी" भन्नाले बीमकको शेयरमा स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ण) "लिक्विडेटर" भन्नाले बीमक खारेजी गर्ने काम कारवाही गर्न अदालतको आदेश वा साहुहरुको सभाबाट पारित प्रस्ताव बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्दछ र सो शब्दले लिक्विडेशनको काम गर्ने कार्यालयलाई समेत जनाउँछ ।

३. <u>बीमक गाभ्न वा गाभिन निवेदन दिनुपर्ने:</u> (१) जीवन बीमा व्यवसाय गर्ने बीमकले समान प्रकृतिको बीमा व्यवसाय गर्ने कुनै अर्को बीमकमा तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले समान प्रकृतिको बीमा व्यवसाय गर्ने कुनै अर्को बीमकमा गाभ्न वा गाभिन चाहेमा दुई वा सो भन्दा बढी बीमकले आ-आफ्नो सञ्चालक समितिबाट निर्णय गरी सैद्धान्तिक सहमतिका लागि देहायका कुरा खुलाई समितिमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछः

(क) बीमक एक आपसमा गाभ्नु, गाभिनुको आवश्यकता तथा औचित्य, सोबाट बीमा क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

(ख) गाभ्ने र गाभिने बीमकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ग) गाभ्ने र गाभिने बीमकले कर्जा लिएका साहुहरुको हित सुरक्षार्थ गरिएको व्यवस्था,

(घ) गाभिने बीमकको चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण,

(ङ) गाभ्ने र गाभिने बीमकका कर्मचारीको व्यवस्थापनको विवरण,

(च) गाभ्ने र गाभिने प्रयोजनको लागि प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानून बमोजिमको स्वीकृति प्रक्रिया,

(छ) बीमकहरुले गाभ्ने, गाभिने सम्बन्धी गरेको प्रारम्भिक सम्झौतापत्र,

(ज) समितिले तोकेका अन्य विषय ।

४. प्राप्ति गर्ने कार्यको लागि निवेदन दिनुपर्ने: (१) कुनै पनि जीवन बीमा व्यवसाय गर्ने बीमकले समान प्रकृतिको कार्य गर्ने अर्को बीमक तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले समान प्रकृतिको कार्य गर्ने अर्को बीमक प्राप्ति गर्न चाहेमा सम्बन्धित दुई वा सो भन्दा बढी बीमकले आ-आफ्नो साधारण सभाको विशेष प्रस्ताव बमोजिम आ-आफ्नो सञ्चालक समितिबाट निर्णय गरी सैद्धान्तिक सहमतिका लागि देहायका विषय खुलाई समितिमा संयुक्त रुपमा निवदेन दिनु पर्नेछः—

(क) बीमक प्राप्तिको आवश्यकता तथा औचित्य, सोबाट बीमा प्रणाली तथा बीमा क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

(ख) मूल बीमक तथा लक्षित बीमकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ग) मूल बीमक तथा लक्षित बीमकका कर्मचारीको व्यवस्थापनको विवरण,

(घ) प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानून बमोजिमको स्वीकृत प्रक्रिया,

(ङ) बीमक प्राप्ति सम्बन्धमा गरेको प्रारम्भिक सम्झौतापत्र,

(च) समितिले तोकेका अन्य विषय ।

५. प्राप्त निवेदन उपर जाँचबुझ गर्ने: बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दफा ३ वा ४ बमोजिम प्राप्त भएको निवेदन उपर समितिले आवश्यक जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझ सिलसिलामा समितिले आवश्यकता अनुसार निवेदकसंग छलफल गर्न र थप कागजात समेत माग गर्न सक्नेछ ।

६. सैद्धान्तिक सहमति प्रदान गर्ने: बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा प्राप्त भएको निवेदन उपर दफा ५ बमोजिम गरिएको जाँचबुझबाट बीमक गाभ्दा वा गाभिदा वा बीमक प्राप्ति गर्दा राष्ट्रको बीमा तथा वित्तीय प्रणलीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर नपर्ने कुरामा बीमा समिति सन्तुष्ट भएमा समितिले त्यस्तो बीमकलाई गाभ्ने वा गाभिने वा बीमक प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति दिन सक्नेछ र यसरी सहमति दिदाँ समितिले शर्त तोक्न वा निर्देशन दिन समेत सक्नेछ ।

७. सम्पत्ति तथा दायित्व मूल्याङ्कन सम्बन्धी व्यवस्था: (१) दफा ६ बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेपछि त्यस्ता बीमकले आ-आफ्नो सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न कम्तीमा बीमकको लेखापरीक्षण गर्न योग्य रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आपसी सहमतिमा मूल्याङ्कनकर्ता नियुक्त गरी सोको जानकारी समितिलाई दिनु पर्नेछ ।

तर, जीवन बीमा व्यवसाय गर्ने बीमकककाे हकमा सम्पत्ति र दायित्वको मूल्याङ्कन गर्नु अघि अनिवार्य रुपमा बीमाङ्कीय मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) बीमकले उपदफा (१) बमोजिमको मूल्याङ्कन बीमा समितिमा निवेदन दिनु पूर्व नै पनि गर्न सक्नेछन् ।

(३) दफा ६ बमोजिम बीमकले प्राप्ति गर्ने सैद्धान्तिक सहमति प्राप्त गरेपछि लक्षित बीमकले आफ्नो सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन गर्न आफ्नो साधारण सभाबाट नियुक्त गरिएको वा साधारण सभाको अख्तियारी बमोजिम सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षकबाट सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ ।

तर, जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा सम्पत्ति, दायित्वको मूल्याङ्कन गर्नु अघि अनिवार्य रुपमा बीमाङ्कीय मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) प्राप्ति गर्ने बीमकले लक्षित बीमकको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन गराउन सक्नेछ ।

(५) उपदफा (१) वा (३) बमोजिम नियुक्ति भएको मूल्याङ्कनकर्ताको काम कारवाही विश्वसनीय नलागेमा समितिले निजलाई हटाई अर्को मूल्याङ्कनकर्ताको नियुक्ति गर्न सम्बन्धित बीमकलाई आदेश दिन सक्नेछ ।

(६) मूल्याङ्कनकर्ताको सेवा, सुविधा सम्बन्धित बीमकले निर्धारण गर्नेछ ।

(७) मूल्याङ्कनकर्ताले सम्पत्ति, दायित्व, खुद सम्पत्ति तथा समग्र कारोबारको मूल्याङ्कन गर्दा सो सम्बन्धमा स्थापित मान्यता, आधार र विधि बमोजिम गर्नु पर्नेछ ।

(८) सम्पत्ति तथा दायित्व मुल्याङ्कन गर्ने विधि, मूल्याङ्कनका आधार र क्षेत्रका सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

८. <u>सम्झौता सम्बन्धी व्यवस्थाः</u> यस निर्देशिका बमोजिम समितिले दिएको आदेश बाहेक गाभ्न वा गाभिन वा प्राप्ति गर्न सैद्धान्तिक सहमति पाएका बीमकले गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा देहायका विषयहरु खुलाई सम्झौता गर्नु पर्नेछः-

(क) बीमित, साहु तथा शेयरधनीहरुको हित संरक्षण सम्बन्धी व्यवस्था,

(ख) बीमकको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन पद्दति र मिलान सम्बन्धी व्यवस्था,

(ग) लगानी तथा कारोबारको व्यवस्थापन, अन्तर बीमक स्वामित्व तथा अन्तर बीमक लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, सम्पत्ति र दायित्वको उचित व्यवस्थापन,

(घ) गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया, लाग्ने समय र लागतको विवरण,

(ङ) सञ्चालन तथा व्यवस्थापन संरचना र सञ्चालकको नामावली,

(च) गाभ्न, गाभिन तथा प्राप्ति गर्न सैद्धान्तिक सहमति प्राप्त बीमक वा मूल बीमक र लक्षित बीमकका कर्मचारीहरुको तह मिलान, सेवा सुविधाको मिलान गर्ने व्यवस्था,

(छ) उल्लेख्य स्वामित्व भएका शेयरधनी तथा अन्य शेयरधनीहरुको विवरण,

(ज) नयाँ बीमकको रुपमा गाभ्ने, गाभिने भए सो बीमकको नाम, प्रबन्धपत्र र नियमावली, पूँजी संरचना, पुर्नसंरचना तथा वर्ग,

(झ) विदेशी बीमकको हकमा सम्बन्धित नियमनकारी निकायको सहमति पत्र,

(ञ) विदेशी बीमकको हकमा नेपालमा रहेको बीमकको व्यवसाय प्राप्ति गर्ने वा त्यस्तो बीमकको सम्पूर्ण व्यवसाय नेपालमा बिक्री गर्ने भए सो विषय,

(ट) सरोकारवालाको गुनासो व्यवस्थापन पद्दति,

(ठ) समितिले तोकेको अन्य आवश्यक विवरण ।

९. स्वीकृति सम्बन्धी व्यवस्थाः (१) गाभ्ने, गाभिने तथा प्राप्ति गर्न प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएका बीमकले आ-आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने कार्यको अन्तिम स्वीकृतिको निमित्त दफा ८ बमोजिमको सम्झौता संलग्न गरी संयुक्त रुपमा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो बीमकसंग थप जानकारी वा कागजात माग गर्न आवश्यक देखेमा समितिले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जाँचबुझ गर्दा बीमक गाभ्दा वा गाभिदा वा प्राप्ति गर्दा बीमा क्षेत्रमा स्वस्थ्य प्रतिस्पर्धाको वातावरण, कुनै बीमकको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुन सक्ने, नसक्ने तथा समग्र बीमकको संरचना, वित्तीय अवस्था तथा बीमितहरुलाई गम्भिर असर पर्ने सम्भावना तथा गाभिए पछिको बीमकमा उल्लेख्य स्वामित्व कायम हुने संस्थापक शेयरधनीको[¥] उपयुक्तता परीक्षण (फिट एण्ड प्रोपर टेस्ट) समेत गरी समितिले बीमकलाई एक आपसमा गाभ्न, गाभिन तथा प्राप्ति गर्न शर्त वा सीमा तोकी अन्तिम स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको स्वीकृति दिन उपयुक्त हुने नदेखिएमा समितिले कारण खुलाई सोको जानकारी पैंतालीस दिनभित्र सम्बन्धित बीमकलाई दिनेछ ।

(५) गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

१०. गाभ्ने, गाभिने तथा प्राप्ति गर्दा दिइने छुट सम्बन्धी व्यवस्थाः (१) गाभ्ने, गाभिने तथा प्राप्तिका लागि स्वीकृति प्राप्त बीमकहरुलाई गाभिएको वा प्राप्ति गरेकै कारणले यस निर्देशनमा उल्लेख भएका र समितिले जारी गरेका अन्य निर्देशनहरु पूरा गर्न कठिनाई भए आवश्यकता र औचित्यको आधारमा समितिले तोके बमोजिम छुट दिन सक्नेछ ।

(२) गाभ्ने, गाभिने तथा प्राप्ति हुनु भन्दा अघि बहाल रहेको बीमकका प्रमुख कार्यकारी अधिकृतको हकमा कुलिङ्ग पिरियड लागुहुने छैन ।

(२क) गाभ्ने, गाभिने तथा प्राप्ति पश्चात् स्थापना हुने बीमकमा कार्यकारी प्रमुखको नियुक्ति तोकिएको अवधिभित्र हुन नसकेमा औचित्यताको आधारमा थप समय दिन सकिनेछ ।[π]

---

¥ प्रथम संशोधनबाट संशोधित ।

π दोस्रो संशोधनबाट थप गरिएको ।

(३) दुई वा दुई भन्दा बढी बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने कार्य गर्दा बीमकले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी अपुग हुन गएमा एक बर्षसम्मको अवधि प्रदान गर्न सकिनेछ ।

(४) बीमकलाई गाभेको कारणबाट गाभ्ने बीमकको शेयर संरचनामा कुनै एक व्यक्ति, समूह, वा सँस्थाको नाममा चुक्ता पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी शेयर स्वामित्व कायम हुन गएमा वा प्रतिहिस्सेदारी (क्रस होल्डीङ्ग) हुने भएमा त्यस्तो शेयर स्वामित्वलाई सीमा भित्र ल्याउन थप दुई वर्षको अवधि प्रदान गरिनेछ ।¥

(५) बीमक गाभिएकै कारण गाभ्ने बीमकको वार्षिक व्यवस्थापन खर्च तोकिएको सीमा भन्दा बढि भएमा आवश्यक छुट दिन सकिनेछ ।

(६) बीमक गाभिएकै कारण गाभ्ने बीमकको सञ्चालक समितिमा समानुपातिक प्रतिनिधित्व रहन नसक्ने अवस्था भएमा समितिको स्वीकृति लिएर बढीमा दुईजना ब्यक्तिलाई सञ्चालक सरह सुविधा पाउने गरी दुई बर्षसम्म सल्लाहकार नियुक्त गर्न सकिनेछ ।

तर गाभ्ने बीमकले स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने सम्वन्धमा यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(७) समितिबाट जारी गरिएको "बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५" को दफा ४४ को उपदफा (१) को खण्ड (ख) देखि (ङ) मा भएको व्यवस्था बमोजिम एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने अवस्थामा बीमालेखको अवधिसम्मका लागि छुट प्रदान गर्न सकिनेछ ।

साथै, त्यस्तो बीमालेखमा एक वर्षसम्म सह-बीमा मार्फत कुल बीमालेखको ३० प्रतिशतसम्म अंश धारण गर्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

(८) दुई वा दुई भन्दा बढी बीमक एक आपसमा गाभिए तथा प्राप्ति भए पश्चात नयाँ बीमकका रुपमा स्थापना हुने अवस्थामा गाभ्ने, गाभिने तथा प्राप्ति हुने बीमकमा कार्यरत प्रमुख कार्यकारी नयाँ बीमकमा प्रमुख कार्यकारी हुँदा निजको लागि पहिलो कार्यकाल गणना हुनेछ ।

(९) बीमकहरु गाभ्ने, गाभिने तथा प्राप्ति हुँदा समितिले जारी गरेको लगानी निर्देशिका, २०७५ को सीमा फरक पर्न गएमा एक वर्ष भित्रमा लगानीको सीमा भित्र ल्याउनु पर्नेछ ।

(१०) बीमकहरु एक आपसमा गाभिए वा प्राप्ति भए पश्चात् त्यस्तो बीमकको सल्भेन्सी मार्जिन समितिले तोकेको सीमा भन्दा कम हुन गएमा आगामी एक वर्षसम्म सीमा भित्र ल्याउनु पर्नेछ ।

(११) बीमक गाभिएकै कारण गाभ्ने बीमकको सञ्चालक समितिमा प्रतिनिधित्व रहन नसक्ने अवस्था भएमा समितिको स्वीकृति लिएर थप सञ्चालकको व्यवस्था गर्न सकिनेछ ।¥

---

¥ प्रथम संशोधनबाट संशोधित ।

# प्रथम संशोधनबाट थप गरिएको ।

(११क) गाभ्ने, गाभिने तथा प्राप्ति हुनुभन्दा अघि बीमकमा बहाल रहेका संचालकको हकमा कार्यकाल गणना गर्दा गाभ्ने, गाभिने तथा प्राप्तिपश्चात् स्थापना हुने बीमकमा संचालकको रूपमा नियुक्त भएमा निजको लागि पहिलो कार्यकाल मानिनेछ ।

(१२) गाभिदा वा प्राप्तिको कारणबाट बीमकको शाखा कार्यालय थपघट तथा मिलान गर्न पर्ने भएमा बढीमा एक वर्षको समय प्रदान गर्न सकिनेछ ।#

(१३) गाभ्ने, गाभिने प्रक्रियामा कुनै बीमकको संस्थापक शेयर प्रतिशत अन्य गाभ्ने, गाभिने बीमकभन्दा बढी भई समान प्रतिशत कायम गर्नपर्ने अवस्थामा बिक्री गर्न पाउने बन्देज अवधि (लकिङ पिरियड) पाँच वर्ष नपुगे तापनि उपयुक्तता जाँच (फिट एण्ड प्रोपर टेष्ट) गरी बिक्री गर्न स्वीकृति दिन सकिनेछ ।#

(१३क) कुनै संस्थापकले धारण गरेको संस्थापक शेयर साझेदारीमा रहेको रहेछ भने साझेदारी छुट्याउने प्रयोजनका लागि कारोबार गर्न बन्देज अवधि (लकिङ्ग पिरियड) नपुगे तापनि बिक्री वा अन्य किसिमले हक हस्तान्तरण गर्न स्वीकृति दिन सकिनेछ ।π

(१३ख) कुनै संस्थापक शेयरधनीको नाममा रहेको संस्थापक समूहको शेयर बीमक मर्जरमा जाने भएमा कारोबार गर्न बन्देज अवधि (लकिङ्ग पिरियड) भित्र पर्ने भए तापनि अन्य व्यक्ति वा संस्थाको नाममा बिक्री गर्न वा अन्य कुनै किसिमले हस्तान्तरण गर्न स्वीकृति दिन सकिनेछ ।π

(१४) गाभ्ने, गाभिने कार्य पछिको एकीकृत रुपमा बीमाङ्कीको प्रतिवेदन पेश गर्न थप छ महिना समय प्रदान गर्न सकिनेछ ।#

(१५) गाभ्ने, गाभिनेमध्ये कुनै बीमकको संस्थागत संस्थापक बैंक, वित्तीय संस्था वा संचालकसँग लगानी तथा व्यवसायमा वित्तीय स्वार्थ देखिने अवस्था भएमा सो हटाउन एक वर्षको समय प्रदान गर्न सकिनेछ ।#

(१६) संचालकको तोकिएको कार्यकाल समाप्त भै निर्वाचन गर्नुपर्ने अवस्था भए तापनि गाभिएर वा प्राप्ति पश्चात् प्रचलित कानूनबमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि संचालक पदमा बहाल रहने अवधि थप दिन सकिनेछ ।#

(१७) गाभ्ने, गाभिने कार्य समाप्त भएका एकीकृत बीमकका अभिकर्तालाई साविकमा प्रवाह भएको ऋण असुली र अभिकर्ता व्यवस्थापनमा छ महिना समय प्रदान गर्न सकिनेछ ।#

(१८) गाभ्ने गाभिने कार्य सम्पन्न भएपश्चात कार्यालय स्थापना र यान्त्रिकिकरण गर्दा भएको खर्चलाई व्यवस्थापन खर्चमा एक वर्षसम्म समावेश नगरिने गरी छुट दिन सकिनेछ ।#

(१९) गाभ्ने, गाभिने तथा प्राप्ति पश्चात् स्थापना हुने बीमकले वित्तीय विवरणमा नाफा नोक्सान हिसाब अन्तर्गत बाँडफाडको लागि उपलब्ध रकममध्येबाट महाविपत्ति कोषमा छुट्याउनु पर्ने रकममा तीन आर्थिक वर्षसम्म पचास प्रतिशत छुट दिन सकिनेछ ।β

---

# प्रथम संशोधनबाट थप गरिएको ।

π दोस्रो संशोधनबाट थप गरिएको ।

β तेस्रो संशोधनबाट थप गरिएको ।

११. <u>निर्देशन दिने सक्ने:</u> (१) समितिले बीमितको हितको रक्षा वा समग्र बीमा व्यवसायको प्रबद्र्धन गर्न दुई वा सो भन्दा बढी बीमक गाभ्न आवश्यक भएको ठहर गरेमा कारण खोली बीमकहरुलाई गाभ्न वा गाभिन नसक्ने वा नपर्ने कारण खुलाई जवाफ पठाउन आवश्यक निर्देशन दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिइएमा तीस दिन भित्र सम्बन्धित बीमकले सोको लिखित जवाफ समितिमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जवाफ उल्लेखित समयसम्म सम्बन्धित बीमकबाट नआएमा वा बीमकको जवाफ चित्तबुझ्दो नभएमा समितिले कारण खुलाई ती बीमकहरुलाई गाभ्न वा गाभिनका लागि निर्देशन दिन सक्नेछ ।

१२. <u>सूचना प्रकाशन गर्नुपर्ने:</u> बीमकलाई गाभ्ने वा गाभिने सम्बन्धी कार्य सम्पन्न भए पछि नयाँ कायम हुने बीमकले सो सम्बन्धी सूचना सो कार्य सम्पन्न भएको सातदिन भित्र कम्तीमा दुई पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिको सूचनाको प्रति बीमकले सातदिन भित्र समितिमा पेश गर्नु पर्नेछ ।

१३. <u>खारेजी र बचाउ:</u> (१) बीमक गाभ्ने तथा गाभिने सम्बन्धी निर्देशिका, २०७० खारेज गरिएको छ ।

(२) बीमक गाभ्ने तथा गाभिने सम्बन्धी निर्देशिका, २०७० बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा ३ र ४ को उपदफा (१) संग सम्वन्धित)

बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा प्रस्तावित योजना अन्तरगत आवेदनको ढाँचा

श्री बीमा समिति
कुपण्डोल, ललितपुर ।

बिषयः गाभ्ने, गाभिने तथा प्राप्ति गर्न स्वीकृति पाउ ।

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम .............................. (पब्लिक लिमिटेड कम्पनीको रुपमा) नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा ऐन बमोजिम जीवन/निर्जीवन बीमा ब्यवसाय संचालन गर्न बीमक दर्ताको प्रमाणपत्र प्राप्त.................................. नामको बीमक, र प्रचलित कम्पनी ऐन बमोजिम .............................. (पब्लिक लिमिटेड कम्पनीको रुपमा) नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा ऐन बमोजिम जीवन/निर्जिवन बमि ब्यवसाय संचालन गर्न बीमक दर्ताको प्रमाणपत्र प्राप्त ................................... नामको बीमक बीच गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सहमति भएकोले सो अनुरुप कार्य सम्पन्न गर्न तहाँको स्वीकृतिको लागि तोकिएका कागजात सहित यो संयुक्त निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| | | |
|---|---|---|
| भवदीय,<br>...................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोन नंः<br>फ्यााक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br>...................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोन नंः<br>फ्यााक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br>...................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोन नंः<br>फ्यााक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः |

अनुसूची २

(दफा ९ को संग सम्वन्धित)

बीमक गाभ्ने वा गाभिने सम्बन्धी निवेदनको ढाँचा

श्री बीमा समिति,

कुपण्डोल,ललितपुर ।

विषयः— गाभ्ने, गाभिने तथा प्राप्ति गर्न स्वीकृति पाउँ ।

महोदय,

बीमा समितिबाट मिति ................ मा पुर्व स्वीकृति प्राप्त भए अनुरुप बीमा ऐन बमोजिम जीवन/निर्जीवन बीमा व्यवसाय संचालन गर्न बीमक दर्ताको प्रमाणपत्र प्राप्त .................................... नामको बीमक, र .................................... नामको बीमक बिच गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्वन्धमा तोकिएका सम्पूर्ण कार्य सम्पन्न गरेको हुँदा गाभ्ने, गाभिने तथा प्राप्ति गर्न तहाँको स्वीकृतिको लागि तोकिएका कागजात सहित यो संयुक्त निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| | | |
|---|---|---|
| भवदीय,<br>....................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोन नंः<br>फ्याक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br>....................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोन नंः<br>फ्याक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः | भवदीय,<br>....................................<br>(बीमकको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>ठेगानाः<br>टेलिफोन नंः<br>फ्याक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः |